## राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।११।२८

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ३ मा संशोधन** : राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (२) झिकिएको छ ।

३. **मूल नियमावलीको नियम ३० मा संशोधन** : मूल नियमावलीको नियम ३० को उपनियम (१) मा रहेको "निर्वाचित भएको प्रमाणपत्र" भन्ने शब्दहरुको सट्टा "निर्वाचित भएको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्र" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ४१ मा संशोधन** : मूल नियमावलीको नियम ४१ को सट्टा देहायको नियम ४१ राखिएको छ :-

"४१. **प्रमाणपत्र दिनु पर्ने** : आयोगले नियम १९ बमोजिम राष्ट्रपति वा उपराष्ट्रपति पदमा निर्विरोध निर्वाचित भएको जानकारी प्राप्त भएपछि अनुसूची-१ बमोजिमको र नियम ३९ वा ४० बमोजिम राष्ट्रपति वा उपराष्ट्रपति पदमा निर्वाचित भएको जानकारी प्राप्त भएपछि अनुसूची-२ बमोजिमको प्रमाणपत्र तयार गरी निर्वाचित उम्मेदवारलाई त्यस्तो प्रमाणपत्र दिनेछ ।"

५. **मूल नियमावलीमा अनुसूची थप** : मूल नियमावलीमा यसै साथ संलग्न अनुसूची-१ र अनुसूची-२ थपिएका छन् ।

निर्वाचन आयोग, नेपाल

"अनुसूची-१
(नियम ४१ सँग सम्बन्धित)

**निर्वाचन आयोग**
**कान्तिपथ, काठमाडौं**

**निर्वाचित प्रमाण-पत्र**

मिति ........................... मा निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरिएको राष्ट्रपति/उपराष्ट्रपति पदको उम्मेदवारको अन्तिम नामावलीमा तपाइँ श्री/श्रीमती/सुश्री ..................................को नाम मात्र कायम हुन आई राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा २४ बमोजिम राष्ट्रपति/उपराष्ट्रपति पदमा निर्विरोध निर्वाचित हुनु भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | | | |
|---|---|---|---|---|
| (.....................) | (.....................) | (.....................) | (.....................) | (.....................) |
| ................. | ................. | ................. | ................. | ................ |
| निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | प्रमुख निर्वाचन आयुक्त |

इति सम्वत् .........साल .............महिना......गते रोज.... शुभम् ............।

निर्वाचन आयोग, नेपाल

अनुसूची-२
(नियम ४१ सँग सम्बन्धित)

**निर्वाचन आयोग**
**कान्तिपथ, काठमाडौं**

**निर्वाचित प्रमाण-पत्र**

मिति ........................... मा भएको राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनमा राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५५ को उपदफा (२)/दफा ५६ को उपदफा (२)/दफा ५६ को उपदफा (४) बमोजिमको मत प्राप्त गरी तपाईं श्री/श्रीमती/सुश्री .................................. राष्ट्रपति/उपराष्ट्रपति पदमा निर्वाचित हुनु भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| (.....................) | (.....................) | (.....................) | (.....................) | (.....................) |
| ................. | ................. | ................. | ................. | ................ |
| निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | प्रमुख निर्वाचन आयुक्त |

इति संवत् .........साल .............महिना......गते रोज.... शुभम् ............।”

निर्वाचन आयोग, नेपाल